का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ चैत २०७९,
सोमबार
10 April 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ७५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# मन्त्री बन्न अढाइ करोड बार्गेनिङ !

स्वास्थ्यमन्त्री बन्न लागेको र त्यसका लागि पार्टीलाई साढे दुई करोड रुपैयाँ बुझाउनुपर्ने भन्दै सांसद श्रेष्ठले बी एण्ड सी मेडिकल कलेजका सञ्चालक प्रसाईंसँग रकम मागेका हुन् । सार्वजनिक अडियोमा सांसद श्रेष्ठले मन्त्री बन्नका लागि नेताहरुले आफूसँग साढे दुई करोड मागेको बताएका छन् ।



सत्ता टिकाइरहन शक्ति चाहिन्छ । शक्ति आर्जन पैसाबाटै भइरहेको छ । शक्ति र पैसा भएन भने राजनीति नै नहुने अवस्था बनाइएको छ । त्यसले गर्दा पनि राजनीतिमा भ्रष्टाचार भएको छ ।

■ सूर्यनाथ उपाध्याय
पूर्वप्रमुख, अख्तियार

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ चैत ।

देशका हरेक सरकारी निकाय वा कार्यलयमा 'म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिन्न' भन्ने नारा टाँसिए पनि नेता र कर्मचारी एकपछि अर्को गर्दै भ्रष्टाचार प्रकरणमा मुछिन थालेका छन् । हरेक सरकारले लिएको 'भ्रष्टाचारमा शून्य सहनशिलताको नीति' कडाईका साथ कार्यान्वयन नहुँदा सुशासनको अनुभूति न्यून हुँदै गएको हो । जसको ताजा प्रकरण हो– राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद ढाकाकुमार श्रेष्ठले मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड मागेको अडियो । आफू स्वास्थ्यमन्त्री बन्नका लागि पार्टीलाई साढे २ करोड रुपैयाँ बुझाउनुपर्ने भन्दै उनले उक्त रकम चाहिएको बताएका थिए । अन्य पूराना पार्टीलाई सुशासनको पाठ सिकाएर हाइटमा आएको रास्वपाभित्रै करोडौंको डिल भएको भन्दै आलोचना भएको छ ।

सांसद ढाकाकुमार श्रेष्ठले मेडिकल व्यवसायी प्रसाईंसँग २ करोड रुपैयाँ मागेको अडियो आइतबार सार्वजनिक भएको हो ।

आफू स्वास्थ्यमन्त्री बन्न लागेको र त्यसका लागि पार्टीलाई साढे २ करोड रुपैयाँ बुझाउनुपर्ने भन्दै सांसद श्रेष्ठले बी एण्ड सी मेडिकल कलेजका सञ्चालक प्रसाईंसँग रकम मागेका हुन् । कपुरबोट >>> पृष्ठ २ मा


## रास्वपाले स्पष्टीकरण सोध्यो

राष्ट्रिय स्वतन्त्र पार्टीले सांसद ढाकाकुमार श्रेष्ठसँग स्पष्टीकरण सोधेको छ । सांसद श्रेष्ठलाई २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन निर्देशन दिएको हो । सांसद श्रेष्ठले व्यवसायी दुर्गा प्रसाईंसँग २ करोड रुपैयाँ मागेको अडियो सार्वजनिक भएपछि रास्वपाले उनलाई निलम्बन गर्दै स्पष्टीकरण सोधेको हो ।

घटनाप्रति रास्वपाले आफ्नो गम्भीर ध्यानाकर्षण भएको भन्दै यसबारे छानबिन गरी तीन दिनभित्र केन्द्रीय समितिमा प्रतिबेदन बुझाउन पनि केन्द्रीय अनुशासन तथा आचरण समितिलाई निर्देशन दिएको छ ।

महामन्त्री मुकुल ढकालको हस्ताक्षरमा सार्वजनिक विज्ञप्तिमा भनिएको छ, 'डा श्रेष्ठको स्वरमा स्वास्थ्यमन्त्री बन्न पैसा दिनुपर्छ भन्ने संवाद रहेको उक्त टेलिफोन >>> पृष्ठ २ मा

## ■ छानबिनमा सघाउने रविको प्रतिबद्धता



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले पार्टीका सांसद डा. ढाकाकुमार श्रेष्ठले दुई करोड रुपैयाँ मागेको अडियो टेपबारे छानबिनमा सघाउने रविको प्रतिवद्धता जनाएका छन् ।

बारामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै सभापति लामिछानेले ७२ घण्टाभित्र छानबिन गरेर कारबाही गर्ने प्रतिबद्धता जनाएका हुन् । उनल भनेका छन्, 'म स्पष्ट पार्न चाहन्छु । त्यो अडियो सार्वजनिक हुने बित्तिकै मैले पार्टी पङ्क्तिमा ७२ घण्टाभित्र छानबिन गरेर कारबाही अगाडि बढाउनु भनेर अल्टिमेटम दिएको छु ।' >>> पृष्ठ २ मा

## ■ अख्तियारको नोटिसमा अडियो

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. ढाकाकुमार श्रेष्ठले मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग पैसा मागेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्ने भएको छ ।

श्रेष्ठले पार्टी सभापति रवि लामिछानेको टिमलाई दिनुपर्ने भन्दै व्यवसायी प्रसाईंसँग २ करोड रुपैयाँ मागेको अडियो सार्वजनिक भएको थियो ।

'त्यो अडियोसहित सञ्चारमाध्यमहरुमा प्रकाशित समाचार हाम्रो नोटिसमा लिएका छौं । उक्त समाचार उजुरीको >>> पृष्ठ २ मा

## प्रशासकीय अधिकृतविरुद्ध डेढ करोडको भ्रष्टाचार मुद्दा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ चैत ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ईशनाथ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताविरुद्ध डेढ करोडको भ्रष्टाचार मुद्दा मुद्दा दायर गरेको छ ।

सरकारी सेवामा रहँदा पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा आयोगले डेढ करोड रुपैयाँ बिगो मागदाबीसहित विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले आइतबार गुप्ताविरुद्ध १ करोड ४९ लाख ९७ हजार ८ सय ६४ रुपैयाँ बिगो, त्यति नै जरिवाना, २ वर्ष कैद सजाय मागदाबीसहित मुद्दा दायर गरेको हो । अख्तियारले गुप्ताकी पत्नी उषालाई पनि भ्रष्टाचारबाट आर्जित सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी बनाएको छ ।

अख्तियारले गुप्ताको स्रोत नखुलेको सम्पत्तिबाट बढे/बढाइएको सबै चलअचल सम्पत्ति पनि जफत हुने मागदाबी गरेको छ ।

२०५१ वैशाख २९ मा सरकारी सेवा प्रवेश गरेका गुप्ताविरुद्ध अख्तियारले २०७९ जेठ २५ सम्मको चलअचल सम्पत्तिमाथी अनुसन्धान गरेको थियो । अनुसन्धानको क्रममा गुप्ताले अख्तियारमा पेस गरेको सम्पत्ति र त्यस अवधिमा भएको आयव्यय अमिल्दो र अस्वाभाविक देखिएको थियो । तर, गुप्ताले बयानमा अवैध सम्पत्ति वैध भएको जिकीर गरे पनि त्यसलाई पुष्टि गर्ने आधार नभेटिएको अख्तियारले जनाएको छ ।

आरोपित गुप्ताविरुद्ध परेको उजुरीमा अनुसन्धान गर्दा आम्दानीभन्दा बढी खर्च गरेको देखिएको र खर्च भएको रकमको स्रोत प्रतिवादीले पुष्टि गर्न नसकेपछि तथ्य र प्रमाणमा खुलेबमोजिम बिगो, कैद र जरिवाना तथा स्रोत नखुलेको सम्पत्ति जफत गर्ने गरी अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले बताए ।

आरोपित गुप्ता कर्मचारी समायोजनका क्रममा मधेश प्रदेशमा सरुवा भएका थिए । अख्तियारले विशेष अदालतमा दायर गरेको आरोपपत्रमा भनिएको छ, 'निजको विभिन्न शीर्षकहरुमा भएका आय र व्ययतर्फ जाँच गर्दा आयको तुलनामा खर्च तथा लगानी गरेको व्यय एवं विद्यमान सम्पत्ति १ करोड ४९ लाख ९७ हजार ८ सय ६४ रुपैयाँ २० पैसा बराबरको स्रोत नखुलेको हुँदा सार्वजनिक पद धारण गरेका गुप्ताले प्रचलित कानुनबमोजिम

> आम्दानीभन्दा बढी खर्च गरेको देखिएको र खर्च भएको रकमको स्रोत प्रतिवादीले पुष्टि गर्न नसकेपछि तथ्य र प्रमाणमा खुलेबमोजिम बिगो, कैद र जरिवाना तथा स्रोत नखुलेको सम्पति जफत गर्ने गरी मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन जानुका साथै मनासिव कारणबिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको र सार्वजनिक पदको दुरुपयोग गरी सम्पत्ति गैरकानुनी आर्जन गरेको पुष्टि हुन आयो ।'

अख्तियारले मागदाबी लिएको बिगो रकम जग्गा तथा अन्य अचल सम्पत्ति खरिद गर्दा उल्लेख गरिएको सरकारी न्यून मूल्यांकनअनुसार देखाइएको यो अहिलेको चलनचल्तीको भाउमा १० देखि १५ गुणासम्म बढी हुन आउने अख्तियारले जनाएको छ ।

**वैदेशिक रोजगार विशेष**

## पार्टनरसँग गुपचुप रहँदाको पीडा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

तपाई आफ्नो साझेदार वा कम्पनी पार्टनरसँग कत्तिको खुल्नु हुन्छ ? वा तपाईंको पार्टनर तपाईंसँग व्यावसायिक कारोबारमा कत्तिको खुल्छ ? साझेदारी कम्पनीमा यी दुई प्रश्नको जवाफ महत्वपूर्ण मानिन्छ ।

आफ्नो व्यापारिक हितलाई अगाडि बढाउन तथा सहयोग लिन/दिन व्यापारमा साझेदारको खोजी गरिन्छ । आफ्नो लक्ष्य हासिल गर्ने सम्भावना बढाउन र आफ्नो पहुँच विस्तार गर्न पनि साझेदारी अर्थात् पार्टनरसीप महत्वपूर्ण मानिन्छ । साझेदारी व्यवसायमा साझेदारहरूको रूची, साझेदारको व्यक्तिगत सम्बन्धदेखि लेनदेनको जानकारी हुनु पनि महत्वपूर्ण मानिन्छ । तर पार्टनरसीपमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेको साझेदारहरूमा एकअर्काबारे चाहिनेजति जानकारी शेयर 'साझा' नगरी बस्ने प्रवृत्ति बाक्लोरूपमा रहेको पाइएको छ ।

शुक्रबार मार्भेलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि.का म्यानेजिङ डाइरेक्टर रिन्जी राईको मलेसियामा शंकास्पद मृत्यु भएपछि कम्पनीको बारेमा पार्टनरलाई हुनुपर्ने जानकारी नहुँदा म्यानपावर कम्पनीका अर्का सञ्चालक भरत पाण्डे अस्तव्यस्त छन् । राईको मृत्युपछि त्यसविषयमा दुई दिनमा करिब दुई सय पचास जनासँग कुराकानी 'डिल' गरेका पाण्डेले आइतबार राति मध्यान्हसँग भने, 'उहाँसँग चिनजान भएको २२ वर्ष र पार्टनरसीपमा >>> पृष्ठ २ मा

## राईको पोष्टमार्टम रिपोर्ट आज आउने

**काठमाडौं/मस–** मलेसियामा मृत्यु भएका मार्भेलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि. का म्यानेजिङ डाइरेक्टर रिन्जी राईको पोष्टमार्टमा रिपोर्ट सोमबार दिउँसोसम्म सार्वजनिक हुने भएको छ । कम्पनीले पठाएका कामदारको समस्या समाधानका लागि मलेसिया गएका राईको मृत्यु शंकास्पद देखिएपछि उक्त कम्पनीले नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा 'छानबिनमा सहयोग गरीपाउँ' भन्ने निवेदन दर्ता गराएको छ ।

निवेदनमा कम्पनीले दुई ब्यक्तिको नाम किटान गर्दै हत्या भएको हुनसक्ने आशंका गरिएको उल्लेख गरेको छ । मृतक राईको झुण्डिएको तर खुट्टा टेकेको तस्विर हेरेका वैदेशिक रोजगार व्यवसायीहरूले व्यवसायी राईको योजनावद्धरूपमा हत्या गरिएको हुनसक्ने बताएका छन् । सोमबार प्रहरीको प्रारम्भिक >>> पृष्ठ २ मा

## मिटरब्याज पीडित र सरकारबीचको वार्ता निष्कर्षविहीन

वार्तामा संघर्ष समितिले आफ्ना समस्याबारे सरकारलाई जानकारी गराएको थियो भने सरकारी वार्ता टोलीले सो समस्याबारे आफूहरु गम्भीर रहेको बताउँदै सोमबार पुनः वार्तामा बसी समस्या समाधान गर्ने आश्वासन दिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ चैत ।

मिटरब्याज पीडित र सरकारी टोलीबीचको वार्ता निष्कर्ष विहीन भएको छ । निष्कर्ष ननिस्कएपछि मिटरब्याजपीडित र सरकारी टोलीबीचको वार्ता सोमबार पुनः हुने भएको छ ।

आइतबार दिउँसो काठमाडौंको रत्नपार्कस्थित शान्तिवाटिकामा दुई पक्षबीच भएको वार्ता निष्कर्षमा नपुगेपछि सोमबार बिहान १० बजे पुनः वार्तामा बस्ने सहमति भएको हो ।

वार्तामा संघर्ष समितिले आफ्ना समस्याबारे सरकारलाई जानकारी गराएको थियो भने सरकारी वार्ता टोलीले सो समस्याबारे आफूहरू गम्भीर रहेको बताउँदै सोमबार पुनः वार्तामा बसी समस्या समाधान गर्ने आश्वासन दिएको थियो । वार्ता सोमबार बस्ने गरी सकिएको मिटरब्याजविरुद्ध



किसान-मजदुर संघर्ष समितिका संयोजक अवधेश कुशवाहले बताए । उनले वार्तामा आफूहरूको मागबारे सरकारलाई जानकारी गराइएको पनि जानकारी दिए ।

मिटरब्याज पीडितसँग वार्ता गर्न सरकारले एउटा टोलीसँग सहमति गरिसकेको छ । पहिलो समूहसँग भएको सहमतिमा चित्त नबुझाएर आन्दोलन गरेपछि समिति बनाएको थियो । गृह मन्त्रालयले सहसचिव >>> पृष्ठ २ मा

# कर्णालीमा एमालेको बहिर्गमनसँगै अब माओवादी र कांग्रेसको गठबन्धन



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २६ चैत

कर्णालीमा नेकपा एमालेका तीनैजना मन्त्रीहरूले संयुक्त राजीनामा दिएसँगै अब नयाँ समीकरण बन्ने बाटो खुलेको छ। गत १० पुसको गठबन्धन भत्किएपछि केन्द्रमा भएको नयाँ गठबन्धनअनुसार कर्णालीमा पनि सोही सहमति कायम हुने भएको छ। चैत्र १७ गते मुख्यमन्त्री राजकुमार शर्माले दोस्रोपटक विश्वासको मत लिएका लिएसँगै एमाले सरकारबाट बाहिरीने आँकलन गरिएको थियो। तर, मुख्यमन्त्री राजकुमार शर्माका लागि एमाले ढाल बनेर सरकारमा बसिदियो।

केन्द्रमा कांग्रेसले 'ढोस्सा' थापेको सिको गर्दै कर्णालीमा पनि एमालेले 'ढोस्सा' थापेको चर्चा भएपनि एमालेको 'ढोक्सा' मा माछा परेन। चैत्र १७ गते राप्रपा बाहेक सबैदलले मुख्यमन्त्री शर्मालाई विश्वासको मत दिएपछि १/२ महिना सत्ता लम्बिने एमालेबाट गएका मन्त्रीहरुको अपेक्षा थियो।

कांग्रेस र एमालेका नेताहरुको मुख्यमन्त्रीलाई दबाव पछि एमाले सरकार छोड्न बाध्य बन्यो। शर्मालाई विश्वासको मत दिएसँगै प्रतिपक्षविहीन कर्णाली प्रदेश सभाले अब भने प्रमुख प्रतिपक्ष पाएको छ।

एमालेबाट मन्त्री भएर गएकाहरु सरकारबाट बाहिरिन चाहेको थिएनन् भने मुख्यमन्त्री शर्माले पनि एमालेलाई सरकारमै राखेर कांग्रेससँग सत्ताको खेल खेलिरहेका थिए। कांग्रेस नेता जीवन शाहीलाई मुख्यमन्त्री बनाउने विगतमा नेताहरूले आश्वासन दिएकोले मुख्यमन्त्री कांग्रेसको नै हुनुपर्ने जोड कांग्रेसका नेताहरुको थियो।

तर, सुर्खेतमा केही दिन अघि आएका माओवादी नेता जनार्दन शर्मा र कांग्रेस नेता पूर्णबहादुर खड्काले मुख्यमन्त्री तत्काल परिवर्तन नहुने सहमति गरेपछि मुख्यमन्त्री शाहीले एमालेका मन्त्रीहरुलाई सरकार छोड्न दवाव दिएका थिए।

एमालेका मन्त्रीहरुले राजीनामा नबुझाए मुख्यमन्त्रीले शर्माले बर्खास्त गर्नेसम्मको सुईको पाएपछि उनीहरू राजीनामा दिन वाध्य भएका थिए। तर, सहजताका लागि एमालेका तीनै जना मन्त्रीहरुले शर्मालाई भेटेर सामुहिक रुपमा राजीनामा दिएको बताएका छन्। यो निर्णयले मुख्यमन्त्री र कांग्रेसलाई सहज भएको छ। आर्थिक मामिला तथा योजना मन्त्री विनोदकुमार शाह, सामाजिक विकास मन्त्री टेकराज पछाई र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जीतबहादुर मल्लले मुख्यमन्त्री राजकुमार शर्मालाई भेटेर सामूहिक राजीनामा बुझाएका छन्। प्रदेश सरकारबाट एमालेको बहिगर्मनसँगै अब माओवादी, नेपाली कांग्रेसहितका गठबन्धन दलले सहकार्य गरेर सरकार चलाउने निश्चित भएको छ।

गत पुस २७ गते नेकपा एमाले, माओवादी केन्द्र, राप्रपा, एकीकृत समाजवादीको समर्थनमा माओवादी संसदीय दलका नेता राजकुमार शर्मा मुख्यमन्त्री नियुक्त भएका थिए। केन्द्रमा १० पुसको गठबन्धन टुटे पनि कर्णालीमा भने अहिलेसम्म त्यही समीकरण अनुसार नेकपा एमाले ३ मन्त्रालयको जिम्मेवार ीसहित सरकारमा रहेको थियो।

गत १७ चैत्रमा प्रमुख प्रतिपक्षको भूमिकामा रहेको कांग्रेसले केन्द्रीय गठबन्धन अनुसार नै अघि बढ्ने उद्देश्यसहित सरकारलाई विश्वासको मत दिएको थियो। एमाले बाहिरिएसँगै नयाँ समीकरण अनुसार सरकार गठनको बाटो खुलेको छ। केन्द्रमा पुस १० को गठबन्धन भत्किएपछि पूर्व मुख्यमन्त्री एवम् कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही भने चुनावताका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र कांग्रेस उपसभापति पुर्णबहादुर खड्काले मुख्यमन्त्री बनाउने बचन दिएको र सोही अनुसार आफू प्रदेशमा लडेको भन्दै नेताहरुले दिएको सहमति कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै आएका थिए।

शीर्ष नेताहरूको वचन पाएका शाहीले पछिल्लो समय सरकारमा आफ्नो पनि दाबी रहने अभिव्यक्तिहरू दिँदै आएका थिए। यसले पनि शाही पुनः मुख्यमन्त्री बन्नका लागि एमालेलाई सरकारबाट हटाउने रणनीतिमा लागेका थिए। शाहीको त्यो रणनीति आइतबार पुरा भएको छ।

अब भने कर्णालीमा एमालेले चलाइरहेका मन्त्रालय कांग्रेसले चलाउने भएको छ। यता, संसदीय दलका नेता जीवनबहादुर शाहीले अहिले नै हामीले यस विषयमा केही भन्न नसकिने बताए।

'एमाले बाहिरियो अब हामीले छलफल गर्छौं, त्यसैले अहिले नै हामीले कुन मन्त्रालय चलाउने भन्ने बारे केही बोल्दिन' उनले मध्यान्हसँग भने।

यता, मुख्यमन्त्री शर्माले सबै दल मिलेरै जाने रहर हुँदाहुँदै राजनीति परिस्थिति अनुसार चल्नु पर्ने भएकाले एमालेले राजीनामा बुझाउनु परेको बताए। 'मैले त एमालेका मन्त्रीलाई बर्खास्त गर्न खोजेकै थिएन, यदि मैले त्यस्तो खोजेको भए विश्वासको मत लिने दिनमै मलाई मत नदिनु भन्थे होला मैले त सबै दल कसरी हुन्छ मिलाउने सोचिरहेको थिए। तर पनि राजनीतिमा फेरबदल भयो,' उनले भने।

साथै मुख्यमन्त्री शर्माले एमालेसँग अहिलेसम्म भएको सहकार्य राम्रै भएको बताएका छन्। उनले अब कांग्रेससँगको सहकार्य बारे छलफल गरेर मात्रै अगाडि बढ्ने बताएका छन्। कर्णाली प्रदेशमा कुल ४० सांसद छन्। कर्णाली प्रदेशसभामा कांग्रेसका १४, माओवादी केन्द्रका १३ र एमालेका सभामुखसहित १० सांसद छन्। त्यस्तै राप्रपा, एकीकृत समाजवादी र स्वतन्त्रका १/१ सदस्य गरी ४० सदस्य छन्।


# नक्कली विज्ञापन राखेर अनलाइनमार्फत ठगी

**काठमाडौं/मस-** अनलाइनमा महँगो मूल्यका आइफोन मोबाइल सेटहरु सस्तो मूल्यमा बिक्रीमा छ भन्ने जस्ता आकर्षक विज्ञापन राखेर ठगी गरेको पाइएको छ। यसरी ठगी गर्ने 'हाम्रो बजार डटकम' नामक अनलाइनका सञ्चालक हुम्ला घर भई भक्तपुर बस्ने उपेन्द्र शाहीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको जनाएको छ। उनले यसरी विज्ञापन पोष्ट गरी त्यसमार्फत सम्पर्कमा आएका व्यक्तिहरुलाई मोबाइलको मूल्य, डेलिभेरी, कुरियर चार्ज जस्ता विभिन्न प्रयोजनमा रकम लाग्ने भनी रकम ठगी गर्ने गरेको खुलेको छ। उनले मोबाइल खरिद गरेबापत आफ्नो सम्पर्कमा रहेका विभिन्न व्यक्तिहरुका नाममा रहेका बैंक खाता, इसेवा तथा खल्ती वालेटहरुमा रकम पठाउन लगाउने र त्यसपछि सम्पर्कविहीन हुने गरेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ। कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले उनलाई ठगीसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि आइतबार जिल्ला प्रहरी परिसर काठमाडौंमा बुझाइएको जानकारी दिए।

बीमाबापतको रकम ठगीमा कम्पनीकै कर्मचारी यता वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका तथा बिदामा नेपाल आउँदा मृत्यु भएका नेपालीहरुले बीमाबापत पाउने रकममा ठगी गर्ने बीमा कम्पनीका कर्मचारी पक्राउ परेका छन्। यसरी पक्राउ पर्नेमा भक्तपुर चाँगुनारायण नगरपालिका-४ बुढाथोकीगाउँ बस्ने सूर्यज्योति जीवन बीमा कम्पनीमा कार्यरत जुनियर अधिकृत उमेश बुढाथोकी रहेका छन्। प्रहरीले सोही ठगी प्रकरणमा अर्घाखाँची छत्रदेव गाउँपालिका-४ घर भई काठमाडौं महानगरपालिका-२६ रानीबारी बस्ने वैदेशिक रोजगार बोर्डमा कार्यरत नायब सुब्बा ३६ वर्षीय पशुपति अधिकारीलाई समेत पक्राउ गरी अनुसन्धान थालेको जानकारी गराएको छ। उनीहरुलाई पनि थप अनुसन्धान तथा कारबाहीका लागि आइतबारनै जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा बुझाइएको रेग्मीले जानकारी दिए।

यसअघि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न रहेका रामबहादुर तामाङसमेत ६ जनालाई चैत २३ गते काठमाडौं गोङ्गबुबाट पक्राउ गरेको थियो। उनीहरुका साथबाट मृतकको नागरिकता, राहदानी, जन्मदर्ता, मृत्यु दर्ता, विवाह दर्ता, वडा कार्यालयको सिफारिस बीमा कम्पनीको लेटरप्याडलगायत कागजातहरु बरामद गरिएको थियो।

# व्यवसायी अदै सिकिस्त



**काठमाडौं/मस-** जब्स ग्लोबल डट कम इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक चन्द्रसिंह अदै गम्भीर बिरामी परेका छन्।

मधुमेह, उच्च रक्तचापका बिरामी व्यवसायी अदै पित्त थैलीमा पत्थरी र मिर्गौला समस्याबाट एकैसाथ ग्रस्त भएपछि विगत १५ दिनदेखि थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका लागि भर्ना भएको कम्पनीले जनाएको छ।

# हरवा-चरवा अधिकार यात्रा सिरहामा



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २६ चैत

हरवा-चरवा अधिकार यात्रा सप्तरी हुँदै सिरहा आइपुगेको छ। सरकारले हरवा-चरवा मुक्त घोषण गरे पनि पुनःस्थापना नगरेकाले राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चले सप्तरीको राजविराजबाट अधिकार यात्रा शुरु गरेको हो। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले गत साउन २ गते हरवा-चरवाप्रथा अन्त्यको घोषणा गरेको थियो। तर ९ महिना वितिसक्दा पनि कार्यान्वयन नभएकाले सरकारलाई दबाब दिन राजविराजदेखि जनकपुरसम्मको पैदल यात्रा शुरु गर्न लागिएको हो।

राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चले राजविराजबाट शुरू गरेको यात्रा अहिले सिरहा आइपुगेको छ। महासचिव लागेन्द्र सदाले राजविराजको नेता चोकबाट एउटा टोली र विरगंजबाट अर्को टोलीले पैदल यात्राको शुरुवात गरिएको हो।

सप्तरी, सिरहा, धनुषा र महोत्तरी गरी ४ जिल्लाका करिब १५ सय जनाको सहभागितामा राजविराजको नेता चोकमा कोणसभा गरेर यात्राको शुरुवात भएको हो। यसैगरी मधेश प्रदेको अर्को तर्फबाट सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाबाट पनि सोही समयमा अधिकार यात्राको शुरुवात हुने राष्ट्रिय दलित नेटवर्कका जनवकालत अधिकृत संजय महराले बताए। चैत २८ गते मधेश प्रदेशको राजधानीमा समापन हुने कार्यक्रममा १० हजार भन्दा बढीको सहभागिता रहने संजय महराले जानकारी दिए।

# चरेससहित पक्राउ

**डडेल्धुरा/मस-** डडेल्धुराका ६० वर्षीय करनराज पाण्डेय चरेससहित पक्राउ परेका छन्। प्रहरीले सात सय ग्राम चरेशसहित उनलाई पक्राउ गरेको हो। पाण्डेय अमरगढी नगरपालिका-८ खनमडाकाबाट पक्राउ परेका हुन्। चरेसको कारोबार गर्ने गरेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले पाण्डेलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टले बताए। पाण्डेयलाई आइतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको छ। घरमा लुकाइ-छिपाई राखेको अवस्थामा ७ सय ग्राम लागुऔषध चरेसजस्तो देखिने पदार्थ समेत बरामद गरिएको डीएसपी भट्टले बताए। लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम ५ सय ग्रामदेखि २ किलोग्रामसम्म भएमा ६ महिनादेखि २ वर्षसम्म कैद र दुई हजारदेखि १० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी प्रावधान रहेको छ।

### मन्त्री...

डटकमले सार्वजनिक गरेको अडियोमा सांसद श्रेष्ठले आफ्नो दलले स्वास्थ्य मन्त्रालय पाउने भएको र मन्त्री बन्नका लागि नेताहरुले आफूसँग साढे २ करोड मागेको बताएका छन्।

सांसद श्रेष्ठको प्रकरण मात्रै होइन, केही हप्ताअघि सांसद तथा पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङ र पूर्वमन्त्री बद्रीप्रसाद न्यौपाने भ्रष्टाचार मुद्धामा दोषी ठहर भएका छन्। समाज कल्याण परिषद्को भृकुटीमण्डपमा रहेको जग्गा भाडा लगाउने प्रकरणमा दोषी ठहर भएपछि उनीहरुलाई धरौटी सहित जेल सजाय भएको हो। उक्त प्रकरणमा अन्य ९ जना पनि दोषी ठहर भएका छन्।

'सत्ता टिकाइ रहन शक्ति चाहिन्छ। शक्ति आर्जन पैसाबाटै भइरहेको छ। शक्ति र पैसा भएन भने राजनीति नै नहुने अवस्था बनाइएको छ। त्यसले गर्दा पनि राजनीतिमा भ्रष्टाचार भएको छ' अख्तियारका पूर्वप्रमुख सूर्यनाथ उपाध्यायले भने। उनले अख्तियारले जोसुकै भ्रष्टाचारीमा पनि डर उत्पन्न गराउन सक्नुपर्ने बताएका छन्। त्यस्तै बाइडवडी, ओम्नी, सेक्युरेटी प्रिन्टिङ्ग प्रेश खरिद प्रकरण, ललिता निवास प्रकरण, अदालतको भवन निर्माण प्रकरण र सिक्टा सिचाइँ आयोजनामा भ्रष्टाचार भएको विषय बाहिरिए पनि उक्त विषयमा हालसम्म पनि गहन सत्यतथ्यको खोजी हुन सकेको छैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनले भ्रष्टाचारीलाई कडा कारवाही गर्ने भने पनि उक्त विषय बोलीमा सीमित भएका छन्। प्राय उच्चपदस्थ व्यक्ति र कर्मचारी लेनदेनको मामिलामा मुछिदाँ सो विषय अघि बढ्न सकेको छैन।

सन् २०२२ को भ्रष्टाचार अवधारणा सूचकाङ्कमा नेपाल १८० देशमध्ये ११० औं स्थानमा रहेको ट्रान्सपरेन्सी इन्टरनेसनलको तथ्यांकले देखाउँछ। शिक्षा, स्वास्थ्य, विकास निर्माण र उद्योग लगायतका हरेक क्षेत्रमा भ्रष्टाचार बढ्दै जाँदा देशको आर्थिक अवस्था झनै कमजोर बन्दै गएको छ। सुशासन र भ्रष्टाचार शून्य सहनशीलता अपनाउने दाबी गर्ने दलकै नेताकार्यकर्ता एकपछि अर्को गर्दै अनियमितताको खेलमा मुछिन थालेपछि उनीहरुप्रतिको जनविश्वास घट्न थालेको छ। तर पनि, उनीहरु सत्तामा गएर शक्ति आर्जन गर्ने अनि पैसा कमाउनेतर्फ मात्रै केन्द्रित देखिएका छन्।

### रास्वपाले...

वार्ताका सम्बन्धमा सत्यतथ्य छानबिन गरी तीन दिनभित्र केन्द्रीय समितिमा प्रतिवेदन पेस गर्न पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिलाई निर्देशन दिइएको छ।'

आइतबार सांसद श्रेष्ठले स्वास्थ्यमन्त्री बन्नका लागि व्यवसायी प्रसाईंसँग रकम मागेको अडियो सार्वजनिक भएपछि उनी विवादमा तानिएका छन्।

### छानबिनमा...

छानबिन नहुन्जेल संसद्भित्र वा साधारण सदस्यका रूपमा सांसद श्रेष्ठलाई काम गर्न नदिने उल्लेख गर्दै उनले आफूले कानुनी कारबाहीको प्रक्रिया अघि बढाउने पनि बताए।

'पार्टीले आफ्नो तर्फबाट गर्ने छानबिन गरिहाल्छ। उनलाई कानुनी कारबाहीका लागि अनुसन्धानमा लिएर जान प्रहरीको निवेदनमा आफै हस्ताक्षर गर्छु र अख्तियारमा आफै जान्छु र भन्छु मेरो सांसदले घुसखोरीमा डिल गरेको रहेछ भने सख्त कारबाही गर्नुहोला' लामिछानेले भनेका छन्।

### अख्तियारको...

रुपमा दर्ता भइसकेको छ' अख्तियारका एक अधिकारीले भनेका छन्, 'सम्भवतः सोमबार सम्बन्धित महाशाखाका कुनै अनुसन्धान अधिकृतलाई अनुसन्धानको जिम्मेवारी तोकिनेछ।'

सामान्यतयाः अख्तियारले गैरकानूनी लेनदेन, घुस लगायतका उजुरीमा प्रहरी महाशाखा अन्तर्गत जिम्मेवारी तोक्छ। सांसदहरु सार्वजनिक पदमा बसेका व्यक्ति हुन्। सार्वजनिक पदमा बसेकाहरुले पैसा मागेमा त्यसलाई घुसका रुपमा लिइन्छ र यसमा भ्रष्टाचारको आरोप आकर्षित हुन्छ।

आफूकहाँ आइपुगेका उजुरीहरु केलाउन अख्तियारले सचिवको संयोजकत्वमा सबै महाशाखाका प्रमुखहरु रहेको उजुरी छनौट समिति(स्कृनिङ टिम) गठन गरेको हुन्छ। हप्ताको तीन दिन त्यो समितिको बैठक बस्छ। अख्तियारस्रोतका अनुसार, त्यो बैठकबाट निर्णय भएमा यो मुद्दाको पनि अनुसन्धान अघि बढ्ने छ।

### पार्टनरसँग

काम गरेको १८ वर्ष भयो। उहाँको व्यवहार पनि राम्रो थियो, मैले भगवान जस्तो मान्थें। तर उहाँको असामयिक निधनपछि कोसँग लिनु छ, कसलाई दिनु छ, केही थाहा नभएर रनभुल्लमा परेको छु।'

हाल ८ सय ८० हाराहारीमा म्यानपावर कम्पनी छन्। तर पार्टनर हरूको संख्या जोड्दा म्यानपावर सञ्चालकको संख्या दुई हजारभन्दा बढी रहेको आंकलन गरिन्छ। चर्को र अस्वस्थ प्रतिस्पर्धाका कारण व्यवसायी फरक कम्पनीको सञ्चालकसँग गोप्य रहनु स्वभाविक भएपनि कतिपय सञ्चालक आफ्नै कम्पनीको पार्टनरसँग पनि अपारदर्शी रहने गरेका छन्।

एक व्यवसायी भन्छन्, 'वैदेशिक रोजगारमा जाने कामदारबाट एउटा पार्टनरले उठाएको रकम अर्को पार्टनरलाई लामो समय थाहा नै हुँदैन। काम नपाएर वा अन्य कारणले विदेशबाट कामदार फर्केर आई क्षतिपूर्तिको लागि वैदेशिक रोजगार विभागमा उजुरी परेपछि मात्रै पार्टनरले गरेको एकलौटी कारोबारको रहस्य खुलेका घटना धेरै छन्।'

हाल मलेसियाको स्टारडोमेन कम्पनीमा कामदार पठाएकामध्ये आधा दर्जनजति म्यानपावर कम्पनी पनि कामदार 'सेटल' गर्ने विषयमा तनावमा छन्। तर उनीहरूले समस्या समाधानका लागि व्यवसायीको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतसँग सहयोग मागेका छैनन् र समस्या पनि सुनाएका छैनन्। संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले मध्यानिहसंग भने, 'साथीहरू समस्यामा रहनुभएको विभिन्न स्रोतबाट थाहा पाएका छौं, तर आफ्नै क्षमतामा समस्याको समाधान गर्न सकिन्छ भन्ने ठानेर होला उहाँहरूले संघलाई आधिकारिक जानकारी गराउनु भएको छैन।' उपाध्यक्ष खत्रीले समस्या कम्पनीको एकल प्रयासमा भन्दा सामूहिक प्रयासमा समाधान गर्न सहज हुने भएकाले सहकार्य गर्न व्यवसायीलाई आग्रहसमेत गरे।

### राईको...

प्रतिवेदन र चिकित्सकको पोष्टमार्टम रिपोर्ट एकैसाथ आउने जानकारी मलेसियास्थित नेपाली दूतावासबाट पाएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले बताए।

### मिटरब्याज...

प्रदीपकुमार कोइरालाको संयोजकत्वमा वार्ता समिति बनाइएको छ। पाँच सदस्यीय वार्ता समितिमा प्रधानमन्त्री कार्यालयका उपसचिव उमाकान्त अधिकारी, कानुन मन्त्रालयका उपसचिव जंगबहादुर डाँगी, नेपाल प्रहरीका एसपी दिनेशराज मैनाली सदस्य र गृह मन्त्रालयका उपसचिव दिलकुमार तामाङ सदस्य सचिव रहेका छन्। सरकारले यसअघि पनि पीडितसँग वार्ताका लागि समिति बनाएको थियो। गृह मन्त्रालयका सहसचिव रुद्रादेवी शर्माको संयोजकत्वमा वार्ता टोली गठन भएको थियो। उक्त समितिमा उपसचिव दिलकुमार तामाङ, प्रधानमन्त्री कार्यालयका उपसचिव उमाकान्त अधिकारी र कानुन मन्त्रालयका उपसचिव जंगा बहादुर दंगाल थिए। जुन समितिसँग मिटरब्याज पीडितको एउटा टोलीले पाँचबुँदे सहमति गरेको थियो। उक्त सहमतिलगत्तै मिटरब्याज पीडितहरूको अर्को टोली आएर काठमाडौंमा आन्दोलन गरिरहेपछि अर्को समिति गठन गरेर सरकारले वार्ता गरेको हो। सरकारले मिटरब्याजलाई अपराध घोषणा गरिसकेको छ भने समस्या समाधानका लागि विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग गठन गरेको छ। सरकारले मिटरब्याजपीडितहरूको समस्या समाधानका लागि गृह मन्त्रालयका सहसचिव प्रदीप कोइरालाको नेतृत्वमा वार्ता टोली गठन गरेको छ। पीडितपक्षले मिटरब्याज असुली गर्नेहरूलाई कडा कारबाही हुनुपर्ने, उनीहरूले आफूहरुमाथि लगाएका सम्पूर्ण मुद्दा फिर्ता गर्नुपर्नेलगायत माग राखेका छन्।


प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
वन निर्देशनालय
**डिभिजन वन कार्यालय उदयपुर(त्रिवेणी)**
कटारी

**बिक्री वितरण सहमति दिइएको सम्बन्धमा**

प्रकाशित मिति :- २०७९/१२/२६

**श्री जाल्मे सा.व.उ.स**
**रौतामाई गा.पा. ७ उदयपुर**

प्रस्तुत विषयमा यस कार्यालयको च.नं.१२८३ मिति २०७९/११/१० गतेको संकलन सहमति अनुसार त्यस सा.व.उ.स ले सा.व मा छपान भएका रुखहरु नियमानुसार संकलन गरी घाटगद्दी गरेका तपसिल बमोजिमको गोलिया काठ बाहिर लिलामा बिक्रीको लागि समूहको निर्णय बमोजिम सम्बन्धित स.डि.व.का. बाट गोलिया काठको सट विभाजन भई नियमानुसार लगत समर्थनको लागि श्री सव डिभिजन वन कार्यालय, भुटारको च.नं. २३२ मिति २०७९/१२/२३ गतेको सिफारिस पत्रसाथ लेखी आएकोले तपसिल बमोजिम जात, थान, परिमाणको काठ समूह बाहिर बिक्री वितरण गर्ने गरी सो लिलाम सहमति दिइएको छ। पत्रिकामा सूचना प्रकाशन गरी बिक्री वितरण गर्ने गरी यो लिलाम सहमति दिइएको छ। समूह बाहिर बिक्री वितरण गर्दा प्रचलित ऐन, कानून, परिपत्र, सा.व. को काठ/दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका २०७१ को अधिनमा रही वन नियमावली २०७९ मा उल्लेखित राजश्व मूल्यमा नघट्ने गरी न्यूनतम मूल्य कायम गर्ने साथै टि.सि.एनको मूल्य तथा हालको बजारभाउलाई समेत ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय को.ले.नि.का तथा यस कार्यालयमा अनिवार्य रुपमा दरभाउपत्र फारम बिक्रीका लागि पठाउने व्यवस्था मिलाई पूर्ण पारदशी एवं स्वच्छ प्रतिस्पर्धा गराई समूह बाहिर काठ/दाउरा लिलाम बिक्री गर्नु/गराउनु हुन समेत अनुरोध छ।

| लट नं. | जात | ए ग्रेड | | बी ग्रेड | | सी ग्रेड | | डी ग्रेड | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थान | परिणाम | थान | परिणाम | थान | परिमाण | थान | परिमाण | थान | परिमाण | |
| १ | साल, गोलिया | ३ | ६४.७८ | ७ | १५२.७१ | १६ | १४६.९६ | | | २६ | ३६४.४५ | समूह बाहिर |
| २ | साल, गोलिया | | | १ | १४.८८ | | | | | १ | १४.८८ | समूह भित्र |
| ३ | साज, गोलिया | १३ | ३१४.४७ | १५ | २७५.५३ | १६ | १२३.०३ | | | ४४ | ७१३.०३ | समूह बाहिर |
| ४ | खयर | ५१६ | ५८४.९० | | | | | | | ५१६ | ५८४.९० | समूह बाहिर |
| | जम्मा | | | | | | | | | ५८७ | १६७७.२६ | |
| ५ | साल तथा अन्य दाउरा २०×५×५ को एक चट्टा | | | | | | | | | | | समूह भित्र |

**नि. डिभिजन वन अधिकृत**



**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०५/२६ मा दर्ता भएको **प्रा.लि. नं. ८६३८२** को **अरिहन्त इण्टरप्राइजेज प्रा.लि.**को मिति २०७९/१२/२२ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२७**

**मङ्गल घरसेवक सर्भिस सेन्टर प्रा.लि.**को मिति २०७९/१२/१४ मा सम्पन्न विशेष साधारण सभा/बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मङ्गल घरसेवक एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.: २९६४६२)** कायम गर्ने गरी मिति २०७९/१२/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**डिभिजन वन कार्यालय**
जाजरकोट, खलंगा
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :- २०७९/१२/२७

यस डिभिजनबाट मिति २०७९/११/२१ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) को प्रयोजनार्थ जानकारी गराईन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल :-

| क्र.सं. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | DFO/JKT/W/NCB/03/079/080 | Construction of Kushemushe Chakhure Integrated Tourism Infra-Structure at Kushe Rural Municipality 08 Jajarkot | Mahadev Construction, Chaurjahari -4 , Rukum West | 53,93,797/- |

**डिभिजन प्रमुख**



**कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धी सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७९/१२/२१ को निर्णयानुसार यस सुन्सरी किन्डर वल्ड मन्टेश्वरी स्कुल प्रा.लि. कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी सप्तकोशी शिक्षा सदन गोठगाउँ प्रा.लि. (Saptakoshi Sikshya Sadan Goathgau Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने र साबिक रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी मोरङ्ग जिल्ला, सुन्दरहरैचा नगरपालिका वडा नं. ७ मा स्थानान्तरण गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सप्तकोशी शिक्षा सदन गोठगाउँ प्रा.लि.**
**(Saptakoshi Sikshya Sadan Goathgau Pvt. Ltd.)**
**(प्रा.लि.नं.: ११७९७७/०७०/०७१)**
**मोरङ्ग जिल्ला, सुन्दरहरैचा नगरपालिका वडा नं. ७**



**सूचना ! सूचना !! सूचना !!!**

म राम कुमार सिहंको नाममा दर्ता प्रक्रिया रहेका जिल्ला महोत्तरी बहादुर गंज गा.वि.स. वडा न. ९ (ङ) साविक कित्ता न. २५ हालको कि.न. २५०, २५१, २५२, २५३ र २५४ को जग्गाको सम्बन्धमा मेरा स्वर्गीय पिता हिरा भाई डंगोल तथा म लगाएतले मिति २०७९ चैत्र १० गते भन्दा अगाडी माथि उल्लेखित जग्गाको सम्बन्धमा भएको करारको सम्बन्धमा करारमा उल्लेखित शर्त तथा बन्देज अनुसार काम कारबाही सम्पन्न हुन नसके हुँदा मिति २०७९/१२/१० भन्दा अगाडीको मैले तथा मेरो स्वर्गीय पिता हिरा भाई डंगोलले गरेको सम्पुर्ण करारनामा तथा अन्य सम्पुर्ण कागज बदर गरिएको सूचना प्रकाशित गरिएको छु।

**निवेदक**
**राम कुमार सिंह**
**का.म.न.पा. ०५, काठमाडौं**

# आमाकै थर र स्थायी ठेगानाबाट बच्चाको जन्मदर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत




राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले एकल महिलाबाट जन्म भएका बच्चाको जन्मदिने आमाकै थर र ठेगानाबाट जन्मदर्ता गर्नेगरी नयाँ परिपत्र जारी गरेको छ।

यसअघि चैत २२ गते मावलीको थरबाट जन्मदर्ता गर्नेगरी वडा तथा पञ्जिकाधिकारीलाई परिपत्र गरेकामा त्यसको आलोचना भएपछि विभागले लैङ्गिक भूमिकालाई उच्च सम्मान गर्दै नेपालको संविधानको धारा ३९ अनुसार संरक्षण गर्न प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हकका लागि उल्लिखित परिपत्रका सम्बन्धमा थप स्पष्ट गरिएको जनाएको छ।

विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले यसअघि जारी भएका परिपत्रलाई थप स्पष्ट पार्नुपर्ने भएकाले केही बुँदाहरु थप गरेर नयाँ परिपत्र जारी गरेको बताए। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (दोस्रो संशोधनसहित), २०७७ को नियम २८ को देहाय खण्ड (क) बमोजिम जन्मदर्ता सम्बन्धमा सहजता र एकरुपता कायम गर्ने गरी नयाँ परिपत्र जारी गरेको जानकारी दिएको छ।

विभागद्वारा जारी आठबुँदे परिपत्रमा एकल महिलाबाट जन्म भएको तर पितृत्वको ठेगान नलागेको बच्चाको जन्मदर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्मदर्ता गरिदिने उल्लेख छ।

यस्तै, विवाह अघि बच्चाको जन्म भएको एकल महिलाले विवाह गरी पतिको ठेगानामा सँगै बसेको अवस्थामा आमा सूचक भई बच्चा जन्मँदा कायम भएको आमाको थर राखी हालको स्थायी ठेगानामा जन्मदर्ता गरिदिन र यदि बच्चा मावलीमा बसेको भए सोही ठेगानामा जन्मदर्ता गरिदिन भनेको छ।

विभागले बच्चाको जन्मदर्ता भइसकेपछि पितृत्व/बाबुको ठेगान पत्ता लागेको अवस्थामा माथि प्रकरण नम्बर (१) र (२) अनुसार भएको जन्म दर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट बाबु वा आमा वा दुबैको थर राखी नयाँ जन्मदर्ता गर्न भनेको छ।

परिपत्रमा नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको बच्चाको कुनै पनि परिवार नभएको प्रमाणित भएको बच्चा फेला परेमा हेरचाह गर्ने कानुनबमोजिमको संरक्षकले दिएको ठेगाना, नाम, थर राखी जन्मदर्ता गर्नुपर्ने उल्लेख छ।

बाबु, आमाको कानुनबमोजिम सम्बन्धविच्छेद भई आमासँग रहने छोराछोरीको जन्मदर्ता गर्दा बाबुको स्थायी ठेगानामा दर्ता नभएको यकिन गरी आमाको हालको स्थायी ठेगानामा जन्मदर्ता गरिदिने तथा कानुनबमोजिम कारागारमा सजाय भोगिरहेका महिलाबाट जन्म भएको बच्चाको जन्मदर्ता गर्दा कारागार कार्यालय प्रमुखबाट सूचना फाराम प्रमाणित भई आएमा सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा बच्चाको जन्मदर्ता गरिदिने भनिएको छ। मुलुकी देवानी संहिता २०७४ लागू भएको मिति २०७५ साल भदौ १ पछि स्वतः बदर हुने, बदरयोग्य बालविवाह वा बहुविवाहको परिणामबाट जन्म भएको बच्चाको कानुन बमोजिमको प्रक्रिया पुऱ्याई जन्मदर्ता गरिदिन भनिएको छ। माथि उल्लिखितबाहेक अन्य प्रकृतिका जन्मदर्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन संहित) २०७७ र विभागबाट यसअघि जारी भएका परिपत्रानुसार गर्न गराउन अनुरोध गरिएको छ।

# सिमकोटमा म्याद गुज्रेका खाद्य पदार्थ



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २६ चैत

हुम्लाको सदरमुकामस्थित सिमकोट बजारमा म्याद गुज्रेका खाद्य पदार्थ भेटिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी अमृतप्रसाद सुवेदीको नेतृत्वमा आइतबार गरिएको बजार अनुगमनका क्रममा अधिकांश पसलमा रहेका सामग्रीहरुको म्याद गुज्रेको भेटिएको थियो। सिमकोटस्थित २३ वटा किराना पसल, ७ वटा मासु पसल, तरकारी र फलफुलगायतका पसलमा अनुगमन गरिएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख अभयराज रेग्मीले जानकारी दिए। उनकाअनुसार म्याद गुज्रेका ११ प्रकारका पे-पदार्थ तथा खाद्य प्रदार्थ नष्ट गरिएको छ। नष्ट गरिएको सामग्रीको मूल्य ७३ हजार ५ सय ५० रुपैयाँ रहेको छ।

बजारमा अनुगमनका क्रममा प्यान नम्बर नराख्ने व्यवसायीलाई एक हप्ताभित्र प्यान नम्बरको व्यवस्था गर्न निर्देशन दिइएको कोष तथा लेखा नियन्त्रण हुम्लाका प्रमुख निराजन उपाध्यायले जानकारी दिए। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय हुम्लाको आयोजना, कोष तथा लेखा नियन्त्रण कार्यालय र जिल्ला प्रशासन कार्यालय हुम्लाको सहकार्यमा बजार अनुगमन गरिएको हो। अनुगमनमा सहायक प्रमुख जिल्ला अधिकारी सुवेदी, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख तथा प्रतिनिधि, लेखा तथा कोष नियन्त्रण कार्यालयका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि पत्रकारलगायतको सहभागितामा रहेको थियो।

# आगलागीबाट २१ घर जलेर नष्ट

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ चैत



रौतहटको माधवनारायण नगरपालिका-४ विसुनपुर्वा मानपुरमा भीषण आगलागी भएको छ। आगालागीबाट अहिलेसम्म २१ घर जलेर नष्ट भएका छन्। आइतबार दिउँसो साढे २ बजे स्थानीय जिउत मुखियाको घरमा आगलागी भएको र तीव्र हावाका कारण आगो गाउँभरी सल्किएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा चन्द्रपुर र गौर नगरपालिकाको वारुणयन्त्रले अहिले आगो नियन्त्रणमा लिने प्रयास गरिरहेको रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रले बताए। आगलागीका कारण अहिलेसम्म मानवीय क्षति भने नभएको प्रहरीले जानकारी दिएको छ। विस्तृत विवरण आउन बाँकी रहेको छ।

# पर्यटन सद्भावनादूतको नियुक्ति खारेज

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन सद्भावना दूतको नियुक्ति खारेज गर्ने निर्णय गरेको छ। पर्यटनमन्त्री स्तरको निर्णयबाट यसअघि नियुक्त भएका सबै पर्यटन सद्भावनादूतको नियुक्ति खारेज गरिएको हो। पर्यटनमन्त्री सुदन किरातीका अनुसार 'पर्यटन प्रवर्द्धकसम्बन्धी कार्यविधि २०७९' स्वीकृति गर्दै प्रक्रिया पूरा गर्ने गरी पुनः नियुक्त हुन सक्ने निर्णय गरी बहाल रहेका सबै सद्भावनादूत खारेज गरिएको छ।

कार्यविधि नबन्दै यसअघि विभिन्न मुलुकका लागि पर्यटन सद्भावनादूत तोकिएको थियो। अवैतनिक सद्भावना दूतहरुको रुपमा हुनेभएकाले विभिन्न लाभ र स्वार्थबाट प्रेरित नभई पारदर्शी ढङ्गले भूमिका निर्बाह होस् भन्ने हेतुले व्यवस्थित गर्न लागिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले 'सद्भावनादूत' भन्ने स्थानमा 'पर्यटन प्रवर्द्धक' भन्ने शब्द राख्ने गरी कार्यविधि बनाएको हो। यसैगरी, नेपालगञ्जबाट भारतका विभिन्न सहरमा उडान पहल गर्न परराष्ट्र मन्त्रालयलाई पत्राचार गर्ने निर्णय भएको मन्त्रालयले उल्लेख गरेको छ।

## भूल सुधार

मिति २०७९/१२/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेशियामा शुन्य लागतको रोजगार शिर्षकको कम्पनीः **EVERLAST ACCESS TECHNOLOGIES SDN.BHD.**, L.T. No. 284037, चलानी नं.: **६०१९९७२६** र पूर्व स्वीकृत मितिः २०७९/१२/२२ गते भएको विज्ञापनमा फाइनल अन्तर्वार्ता मिति २०८० बैशाख ८ **(21 April 2023)** गते **Nava Durga Venue**, सुकेधारा, काठमाडौंमा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविकको : Baby Star International Pvt. Ltd.
Sinamangol-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613 & 4594173, Fax: 4594173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np
Gov. Lic No. 1081/073/074

## कर्मचारी नरहको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **OMAMA MANPOWER PVT.LTD.** (श्रम इजाजत पत्र न **१४२२/०७४/०७५**) मा कार्यरत तपशिल उल्लेखित कर्मचारीहरुले मिति २०७९/१२/२६ गते देखि आफ्नो पदबाट राजिनामा दिनुभई निजहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निजहरुसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | Sapana Dhamala | Reception | ओखलढुङ्गा |
| २ | Sabita Khadka | Documentation | रामेछाप |
| ३ | Gauri Shankar Barai | Documentation | कपिलबस्तु |
| ४ | Najmun Khatun | Accountant | सुनसरी |

OMAMA MANPOWER PVT. LTD.
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel 4581383
E-mail: omamamanpower1422@gmail.com.
Gov. Lic. No. 1422/074/075

## मलेसियामा रोजगारको अवसर |

१. कम्पनी: **ELENTEC MALAYSIA SDN BHD**
शहर: **Malaysia,RAJAWALI**

पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९००३ LT. No.: 273331 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 52 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **EC EXCEL WIRE SDN BHD** शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०२२/०९/१६ चलानी नं.: ६०१८७८२२ LT. No.: 272101 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 26 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: **AERO GUARDS PROTECTION (M) SDN BHD** शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०७/०३ चलानी नं.: ६०१८९८१३ LT. No.: 272815 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 19 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: **LEONG HUP AGROBUSINESS SDN BHD** शहर: Malaysia, KAULAMPUR

पूर्व स्वीकृत मितिः २०७९/०९/२० चलानी नं.: ६०१९४४११ LT. No.: 278894 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Farming | 1 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख ४ गते (17 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

## Sharada Municipality
## Office of Municipal Executive
Khalanga, Salyan
Karnali Province, Nepal

### Invitation for Sealed Quotation Bids

**Sealed Quotation No: SMO/SQ/W/09/2079/080**
**Date of Second Publication: 10/04/2023**

1. The Sharada Municipality, Khalanga, Salyan invites Sealed Quotation from Registered Contractors For The Construction Of Construction Of Marke Left Water Supply Project.
2. The Stimated Amount for the works is (in Nrs.) : 17,46,546.18 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and Inspect the Sealed Quotation Forms at the office of Sharada Municipality, Khalanga, Salyan, at Khalanga, Salyan, Sharada Municipality, Salyan or by Reaching out to them it telephone 088520138 or by dropping a mail at **ito.shaaradamun@gmail.com** [or may visit **PPMO Website: www.bolpatra.gov.np**]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.00 NRs.

Or

Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:
**Name of the Bank:** Nepal Bank Ltd.
**Name of Office:** Sharada Municipality, Khalanga, Salyan
**Office Code no : GA.1.1.0.1**
**Office Account No.:** 07403000001001000001
**Rajaswa (revenue) Shirshak No :**

5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 25- 04-2023 12:00 hours. Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 25-04-2023 14:00 hours at the office of Sarada Municipality, Khalanga, Salyan, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.47500.00 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

[**Note:** As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required]

**Chief Administrative Officer**



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ चैत २०७९, सोमबार
10 April 2023, Monday

## सम्पादकीय

# प्रणालीमाथि चुनौती

